आज मिति २०७७ फागुन १६ गते आईतवारका दिन बिहान ११.०० बजे यस लमही नगरपालिकाका नगरप्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री तुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | नारायणी खड्का |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | ठगे नेपाली |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | सचिव | |

Scanned with CamScanner

मिति २०७७।११।१६ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १** : चालु आ.व.२०७७।०७८ को बार्षिक कार्यक्रम तथा बजेटमा केही शिर्षकमा रहेको रकमलाई विभाजन गर्ने र कार्यक्रम शिर्षक परिवर्तन गर्ने गरी सातौ नगर सभाबाट पारित बजेट तथा कार्यक्रममा संशोधनकोलागि आठौं नगर सभामा पेश गर्ने । साथै रोजगार सेवा केन्द्रबाट पेश भएका आयोजना बैंक तथा बजेट व्यवस्था सम्बन्धि प्रस्तावलाई आगामी नगर सभामा पेश गर्ने ।

**निर्णय नं. २** : प्रदेश शासकीय सुधार कार्यक्रम र लमही नगरपालिकाको लागत सहभागितामा लमही नगरपालिकाको आवधिक योजना निर्माण गर्ने कार्यलाई स्वीकृती दिने । साथै सो कार्यमा लमही नगरपालिकाको तर्फबाट लागत सहभागिता बापत लाग्ने रकम समपुरक कोष शिर्षकबाट व्यहोर्ने ।

**निर्णय नं. ३** : विद्येयक समितिबाट पेश भएका देहायका कार्यविधि तथा योजना स्वीकृत गर्ने ।

क) नगर आपतकालिन कार्यसञ्चालन केन्द सञ्चालन कार्यविधि, २०७७

ख) स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७

ग) टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि, २०७७

**निर्णय नं. ४**: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको स्थानीय तहको स्वमूल्याङकन कार्याविधि अनुसारको कार्यतालिका अनुसार यस नगरपालिकाको स्वमूल्याङकन गर्ने ।

**निर्णय नं. ५** : विद्येयक समितिको सिफारिस अनुसार "लमही नगरपालिका पुराना भवन अभिलेख व्यवस्थापन निर्देशिका ,२०७५" को देहाय अनुसारको दोस्रो संशोधनको लागि आगामी नगरसभामा पेश गर्ने ।

| दफा | भएको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन पेश गर्नुको कारण |
|---|---|---|---|
| दफा ५ को ज | वडा कार्यालयमा निवेदन दर्ता गरि वडा कार्यालयको सिफारिस भई नगरपालिकामा दर्ता भएको मिति देखि २०७६ आषाढ मसान्त सम्म घर नक्सा अभिलेखिकरण राजश्व शुल्क बुझाई प्रमाण पत्र लिई सक्नुपर्नेछ । | मिति मात्र संशोधन : २०७८ आषाढ मसान्तसम्म बनाउने | अभिलेखिकरण गरी प्रमाणपत्र लिई सक्नुपर्ने मिति भविष्यको हुनुपर्नेमा भुतकालको भएकाले । |
| दफा ११ | यो निर्देशिका लागु भैसके पछि नगरपालिकाबाट अभिलेखिकरण प्रमाण पत्र नलिएका कुनै पनि घर भवनलाई प्राकृतिक प्रकोपबाट भएको क्षेतीको लागि राहत रकम उपलब्ध गराईने छैन । | हटाउने | मानवीय संवेदनाका कारण |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही,दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

२६

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. ६** : यस लमही नगरपालिकाको "घ" वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधी, २०७५ अनुसार आएका निवेदन मध्ये देहायका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र उपलब्ध गराउन स्विकृति दिने ।

तपसिल

क) के.आर. निर्माण सेवा प्रा.ली., ल.न.पा.–७, दाङ

ख) कुशल निर्माण सेवा, ल.न.पा.–७, दाङ

ग) स्वर्गद्धारी निर्माण सेवा, ल.न.पा.–६, दाङ

घ) वेदान्त कन्स्ट्रक्सन, ल.न.पा.–५, दाङ

**निर्णय नं. ७** : यस लमही नगरपालिकाको वडा नं. ४ मा जग्गा भाडामा लिई श्री एक हजार आठ प्रभु महाराज चिम्नी ईट्टा उद्योग संचालन अनुमतिको लागि सम्वन्धित निकायमा सिफारिसको लागि प्राप्त निवेदन सम्बन्धमा यस कार्यपालिकाको मिति २०७७।०६।२८ गतेको बैठकले दावीविरोधको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरेकोमा सो सूचना अनुसार कुनै पनि दावि नपरेको र लमही नगरपालिका ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्वन्धी कार्यविधि,२०७५ को दफा ८ मा भएको व्यवस्था अनुसार गठन भएको छानविन समितिले सो उद्योग संचालनमा कुनै बाधा नभएको व्यहोरामा प्रतिवेदन पेश गरेकोले लमही नगरपालिका ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि,२०७५ को दफा १५ अनुसार लमही नगरपालिका वडा नं. ४ मा श्री एक हजार आठ प्रभु महाराज चिम्नी ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ८** : नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गर्न IEE गर्न छुट भएका घाट तथा खोलाहरुको चालु आ.व.मा IEE गर्न रु. १५ लाख रुपैया रकम चालु आ.व.०७७।०७८ को समपुरक कोषवाट बजेट व्यवस्था गरी IEE गर्ने ।

**निर्णय नं. ९** : लमही नगरपालिकाको परिसर निर्माणको लागि DPR गर्ने र सो DPR गर्नको लागि लाग्ने रकम रु. ५ लाख समपुरक कोषवाट व्यहोर्ने ।

**निर्णय नं. १०** : लमही नगरपालिका वडा नं. ५ मा बगही सोतापुल निर्माणको लागि मिति २०७५ साल पुस २६ गते ठेक्का सम्झौता भएको र सोको सम्पन्न हुनुपर्ने मिति २०७७ साल पुस २५ गते भएकोमा सम्झौता अवधि विचमा कोभिड संक्रमणलगायतका कारण निर्धारित समयमै सम्पन्न हुन नसकेकाले सो ठेक्का सम्झौताको अवधि २०७८ साल जेष्ठ मसान्तसम्मको लागि थप गर्ने ।

Scanned with CamScanner

**निर्णय नं. ११** : लमही नगरपालिका वडा नं. ९ सिमलसोतामा बन्ने झोलुङ्गे पुल निर्माणको लागि यस लमही नगरपालिकाको तर्फवाट लागत सहभागिता वापत व्यहोर्नु पर्ने १३ प्रतिशतले हुन आउने रकम रु. ७ लाख चालु आ.व.को स्वीकृत बजेटको समपुरक कोष शिर्षकवाट भुक्तानी दिन स्वीकृति दिने ।

**निर्णय नं. १२** : चालु आ.व. मा नगरपालिकावाट टेण्डर प्रक्रियाबाट ठेक्कामा लगाईएका योजनाहरु विनियोजित बजेट रकम भन्दा प्रतिस्पर्धाको आधारमा कम रकमबाट हुनगई बचत हुन आएको रकमबाट तत आयोजनाकै बाँकी निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ को अधिनमा रही तपशिल बमोजिमका योजनाहरु गर्न गराउन स्वीकृति दिने ।

१२.१)"**वडा नं. ९ मा बर्थिङ सेन्टर भवन निर्माण**" ठेक्का सम्झौता भई **सङ्घीय सरकार विशेष अनुदान** तर्फको चालु आ.व.मा विनियोजित बजेट बाट बचेको रकम रु. २४,००,०००।- बाट निम्न लिखित कार्य गराउने ।

क) नयाँबस्ती (ई.प्र.का भवन अगाडी) नाली निर्माण रु. १०,००,०००।-

ख) बर्थिङ सेन्टर भवनमा पर्खाल निर्माण रु. ४,९०,०००।-

ग) बर्थिङ सेन्टर भवनमा गाडेर्निङ तथा पार्किङ फोलोर निर्माण रु. ५,००,०००।-

१२.२)"**वडा नं. ७ मा वडा कार्यालय भवन निर्माण**" ठेक्का सम्झौता भई **जि.स.स र न.पा.को लागत सहभागितामा** चालु आ.व.को विनियोजित बजेट बाट बचेको रकम रु. ३५,००,०००।- बाट देहायको कार्य गराउने ।

- ७ नं. वडा कार्यालय भवनमापर्खाल निर्माण रु. १५,००,०००।-
- ७ नं वडा कार्यालय भवमा गाडेर्निङ तथाफोलोर पि.सि.सि निर्माण रु. ५,००,०००।-
- ७ नं. वडा कार्यालय भवनजाने वाटोमा माटो फिलिङ तथाग्रभेल निर्माण रु. ४,९०,०००।-
- बनघुस्री टोलको वडा कार्यालय भवनजाने वाटोमानालीनिर्माण रु. ५,००,०००।-

१२.३) "**जखेरा ताल जाने बाटोमा नाली निर्माण**" ठेक्का सम्झौता भई (**प्रदेश अनुदान**को विनियोजित बजेटबाट) बचेको रकम रु. १४,००,०००।- बाट देहायको कार्य गराउने ।

- जखेरा तालजाने बाटोमाग्रभेलनिर्माण रु. ५,००,०००।-
- जखेरा तालजाने बाटोमामाटो फिलिङ तथाहोमपाईप कल्भर्ट निर्माण रु. ४,९५,०००।-

१२.४) "**न्यूरोड र मिलन टोलमा कालोपत्रे निर्माण**" ठेक्का सम्झौता भई **न.पा.को आन्तरिक स्रोत** को विनियोजित बजेट बाट बचेको रकम रु. १६,५०,०००।- बाट देहायको कार्य गराउने ।

- न्यूरोडको मिडिएन स्ट्रीपमा तारवार निर्माण रु. ५,००,०००।-
- न्यूरोड सडकमा नालीनिर्माण रु. ४,९५,०००।-
- न्यूरोडमा सडक बत्तीनिर्माण रु. ५,००,०००।-

१२.५) "**दलित सचतेना भवन निर्माण**" ठेक्का सम्झौता भई **स्थानीय पूर्वाधार कार्यक्रम** को विनियोजित बजेट बाट बचेको रकम रु. ८,५०,०००।- बाट देहायको कार्य गराउने ।

- सोही दलित सचेतना भवनमा

**निर्णय नं. १३** : चालु आ.व. मा नगरपालिकावाट टेण्डर प्रक्रियाबाट ठेक्कामा लगाईएका योजनाहरु विनियोजित बजेट रकम भन्दा प्रतिस्पर्धाको आधारमा कम रकमबाट हुनगई बचत हुन आएको रकमबाट

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही,दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

ततआयोजनाकै बाँकीनिर्माणकार्य सार्वजनिकखरिद ऐन, २०६३ को अधिनमा रही तपशिल बमोजिमका योजनाहरु गर्ने गराउने ।

१३.१)"२ नं. **सिमाना देखि केरुनिया सम्म सडक कालोपत्रे क्रमागत**"ठेक्का सम्झौता भई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. १,८१,५६४।- बाट देहायको कार्य गराउने ।

➢ केरुनिया सडकमा ग्राभेल निर्माण रु. १,८०,०००।-

१३.२) "**३ नं. वडा श्रीगाउँमसानघाट देखि बालतारा प्रावि सम्म सडक कालोपत्रे क्रमागत**"ठेक्का सम्झौताभई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. ३,६८,८९६।- बाट देहायको कार्य गराउने ।

श्रीगाउँमसानघाट देखि बालतारा प्रा.वि. सडकमा नालीनिर्माण रु. ३,६०,०००।-

१३.३) "**४ नं. वडा अर्नवाचोक देखि बयलडाडासम्म सडक कालोपत्रे क्रमागत**" ठेक्का सम्झौता भई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. ८,३०,०००।- बाट देहायको कार्य गराउने ।

➢ बयलडाडा सडकमा नाली निर्माण रु. ५,००,०००।-

➢ बयलडाडा सडकमा ग्राभेल निर्माण रु. ३,००,०००।-

१३.४) "**बनघुस्री हस्नापुर सडक कालोपत्रे क्रमागत**"ठेक्का सम्झौताभई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. ६,६०,०००।- बाट देहायका कार्य गराउने ।

➢ बनघुस्री हस्नापुर सडकमा कालोपत्रे निर्माण रु. ५,००,०००।-

१३.५) "**वडा नं. १ सुनडबरी सडक कालोपत्रे क्रमागत**"ठेक्का सम्झौता भई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. ३,६१,०००।- बाट देहायको कार्य गराउने ।

➢ सुनडबरी सडकमा नालीनिर्माण रु. ३,५०,०००।-

१३.६) "**वडा नं. ५ को देउपुर लमहीजोड्ने सडक कालोपत्रे क्रमागत**"ठेक्का सम्झौताभई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. ३,८५,०००।- बाट देहायको कार्य गराउने ।

➢ देउपुर लमहीजोड्ने सडकमा नालीनिर्माण रु. ३,५०,०००।-

१३.७) "**वडा नं. ५ को आर्दशनगर टोलमा सडक कालोपत्रे क्रमागत**"ठेक्का सम्झौताभई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. ३,२७,००८।६१ बाट देहायको कार्य गराउने ।

➢ आर्दशटोल जानेबाटोमा नाली निर्माण रु. ३,२५,०००।-

१३.८) "**वडा नं. ५ को गोरक्षटोल र आनन्दनगरटोलमानालीनिर्माण क्रमागत**"ठेक्का सम्झौताभई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. ३,५२,११०।- बाट देहायको कार्य गराउने ।

➢ आनन्दनगरटोलमानालीनिर्माण रु. ३,५०,०००।-

१३.९) "**वडा नं. ६ को राप्तीपिपलबोट टोल देखि लंगडी जाने सडक कालोपत्रे क्रमागत**"ठेक्का सम्झौताभई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. १,८६,०००।- बाट देहायको कार्य गराउने ।

➢ लंगडी जानेबाटोमानालीनिर्माण रु. १,८०,०००।-

१३.१०)"**वडा नं. ८ को राप्तीमावि देखि टेड्नैया हुदै सतबरिया स्वास्थ्यचौकी सडक कालोपत्रे क्रमागत**" ठेक्का सम्झौता भई **न.पा.** को विनियोजित बजेटबाट बचेको रकम रु. ४,०७,,०००।- बाट देहायको कार्य गराउने ।

➢ राप्तीमा.वि. देखि टेड्नैया जाने सडकमा नालीनिर्माण रु. ४,००,०००।-

१३.११) "**वडा नं. ४ शौचालयनिर्माण दोस्रो चरण क्रमागत**" ठेक्का सम्झौताभई **न.पा.** को विनियोजित बजेट बाट बचेको रकम रु. २,९४,,०००।- बाट देहायको कार्य गराउने ।

➢ वडा नं. ४ सार्वजनिक शौचालयमा सिभिल लगायतका निर्माण कार्य गर्ने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही,दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

१३.१२) **"वडा नं. ५ बगैचामा सार्वजनिकशौचालयनिर्माण क्रमागत "** ठेक्का सम्झौताभई न.पा. को विनियोजित बजेट बाट बचेको रकम रु. १,९९,०००।- बाट देहायको कार्य गराउने ।

- बगैचाशौचालयमा सिभिल लगायतका निर्माण कार्य गर्ने ।

१३.१३) **"सभाहलनिर्माण दोस्रो चरण क्रमागत वडा नं. ५"** ठेक्का सम्झौताभई न.पा. को विनियोजित बजेट बाट बचेको रकम रु. ३,९३,०००।- बाट देहायको कार्य गराउने ।

- सभाहलमा पलास्टर निर्माण, रङरोगन निर्माण कार्य रु. ३,९०,०००।-

**निर्णय नं. १४** : आ.व. २०७६।०७७ मा लमही नगरपालिकाबाट देउखुरी बहुमुखी क्याम्पस सहयोग प्रदान गर्न प्रति सिफारिस २० रुपैयाका दरले संकलित जम्मा रकम रु. ८३ हजार ९ सय चालिस मात्र देउखुरी बहुमुखी क्याम्पस लाई प्रदान गर्ने ।

**निर्णय नं. १५** : लमही नगरपालिकाको शिक्षा समितिको मिति २०७७ फागुन ११ गते बसेको बैठकको निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय नं. १६** : लमही नगरपालिका नगर कार्यपालिका कार्यालयको जनस्वास्थ्य शाखाबाट पेश भए अनुसार चालु आ.व.को स्वीकृत बार्षिक कार्यक्रम अनुसार न्यानो झोला शिलवन्दी दरभाउपत्रबाट खरिद गर्न २ पटकसम्म सूचना दिएर खरिद कार्य अगाडि बढाउदा दुवै पटक दरभाउपत्र अस्वीकृत भई खरिद नभएकाले न्यानो झोला खरिदको लागि पुन: दररेट निर्धारण गरी खरिद प्रक्रिया अगाडि बढाउने ।

**निर्णय नं. १७** : संघीय सरकारको सशर्त तर्फको चालु आ.व.को स्वीकृत लागत सहभागितामा कृषि उपज संकलन केन्द्र निर्माण गर्ने योजनाको लागि रु. २० लाख बजेट भएकोमा उक्त बजेटमा लमही नगरपालिकाको तर्फवाट रु १० लाख रकम लागत सहभागितास्वरुप चालु आ.व.को बजेट तथा कार्यक्रमको समपुरक कोषबाट व्यहोर्ने गरी छुट्याएर देहायका स्थानमा कृषि उपज संकलन केन्द्र निर्माणको कार्यप्रक्रिया अगाडि बढाउने ।

क) लमही नगरपालिका वडा नं. २ केरुनियामा कृषि उपज केन्द्र निर्माण गर्ने

ख) लमही नगरपालिका वडा नं. ४। बलरामपुरमा कृषि उपज केन्द्र निर्माण गर्ने

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही,दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner